मिति २०८०।०४।३१गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

श्री

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको पदाधिकारीहरुको उपस्थितिमा बसी निर्धारित प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमका निर्णयहरु पारित गरियो।

बैठक सञ्चालन स्थानः तीनपाटन गाउँ कार्यपालिकाको कार्यालयको सभाहल।

बैठक सञ्चालन मितिः २०८०।०४।३१ गते।

बैठक बसेको समयः बिहान ८.०० बजे।

उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम, थर | पदाधिकारीको दर्जा | उपस्थिति |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | गाउँ कार्यपालिका अध्यक्ष | |
| २. | श्री धन बहादुर पुलामी अशोक | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३. | श्री गोविन्द बहादुर राउत | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री मुकुन्द प्रसाद पौडेल | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री लाल बहादुर स्याङ्तान | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री खड्ग बहादुर भुजेल | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री भुपाल सिंह तामाङ | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री वीर बहादुर पुलामी | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री युवराज पहाडी | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री कृष्ण प्रसाद गौतम | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११. | श्री मोहन बहादुर गौतम | वडा अध्यक्ष, ९ नं. वडा | |
| १२. | श्री पुण्यहरी भुजेल | वडा अध्यक्ष, १० नं. वडा | |
| १३. | श्री तिलक बहादुर बस्नेत क्षेत्री | वडा अध्यक्ष, ११ नं. वडा | |
| १४. | श्री तारामाया श्रेष्ठ | गाउँ कार्यपालिका सदस्य | |
| १५. | श्री गंगामाया तामाङ | गाउँ कार्यपालिका सदस्य | |
| १६. | श्री सिम कुमारी आले | गाउँ कार्यपालिका सदस्य | |
| १७. | श्री युवमाया मस्राङ्गी | गाउँ कार्यपालिका सदस्य | |
| १८. | श्री कमल बहादुर दमै | गाउँ कार्यपालिका सदस्य | |
| १९. | श्री लोक बहादुर विक | गाउँ कार्यपालिका सदस्य | |
| श्री सन्तोष घिमिरे, प्रमुख प्रशासकीय अधिकृत | | गाउँ कार्यपालिका सचिव | |
| अन्य उपस्थितिः | | | |
| श्री जीतेन्द्र गिरी, शाखा अधिकृत सातौं | | | |
| श्री युवराज काफ्ले, शिक्षा अधिकृत | | | |
| श्री विनिता लामा, सूचना प्रविधि अधिकृत | | | |



Scanned with CamScanner

| | | |
|---|---|---|
| जयन्त कार्की | प्रमुख प्रशासकीय अधिकृत | [illegible] |
| अरुण आले | रोजगार सेवा केन्द्र | [illegible] |
| रितेश गिरी हे०अ० | स्वास्थ्य शाखा | [illegible] |
| सुरेश कुमार बराल | योजना शाखा | [illegible] |
| मान बहादुर रुमाल | महिला विकास शाखा | [illegible] |
| चन्द्र प्रसाद न्यौपाने | आयुर्वेद शाखा | [illegible] |
| कमल घिमिरे | कृषि शाखा | [illegible] |
| चन्द्रिका थापा | वडा ५ | चान्द्रिका |
| कल्पना कुमारी मगर | ,, | K.P. |
| नारायण अधिकारी | ,, | [illegible] |



Scanned with CamScanner

| प्रस्तावहरु: | | |
|---|---|---|
| प्रस्ताव नं. | प्रस्तावको विषय | सम्बन्धित शाखा/वडा/विषयगत समिति |
| १. | अघिल्लो गाउँ कार्यपालिकाको बैठकको निर्णय र कार्यान्वयन उपर समीक्षा गर्ने। | सम्बन्धित सबै |
| २ | सासुको इच्छा बुहारीलाई शिक्षा कार्यक्रम कार्यान्वयनको विधि र प्रकृया निर्धारण गर्ने। | शिक्षा शाखा |
| ३. | असहाय तथा अनाथ व्यक्तिहरुलाई तत्काल राहत/उद्दार र संरक्षण गर्न विनियोजित बजेट कार्यान्वयनका लागि मापदण्ड र पद्धति निर्धारण गर्ने। | महिला, बालबालिका तथा समाज कल्याण शाखा |
| ४. | तीनपाटन गाउँपालिकाको छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०८० स्वीकृत गर्ने। | शिक्षा शाखा |
| ५. | उधमसँगै जनजीविका प्याड उत्पादनमा स्वयंसेविका कार्यक्रम सञ्चालन कार्यविधि, २०८० स्वीकृत गर्ने। | स्वास्थ्य शाखा |
| ६. | तीनपाटन गाउँपालिकाको स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन कार्यविधि, २०८० स्वीकृत गर्ने। | स्वास्थ्य शाखा |
| ७. | विधालमा आमा कार्यक्रम सञ्चालन कार्यविधि, २०८० स्वीकृत गर्ने। | शिक्षा शाखा |
| ८. | टोल एवम् घरमैं गई आधारभूत सेवा सञ्चालन गर्ने कार्यविधि, २०८० | कृषि पशु र स्वास्थ्य शाखा |
| ९. | मेडिकल अधिकृत (१), रेडियोग्राफर (१) फार्मेसी सहायक (१) पद करार सेवामा माग गर्ने। | |
| १०. | घर भाडा सम्झौताको म्याद थप गर्ने। | |
| ११. | इन्धन सुविधा वापतको रकम नगदै उपलब्ध गराउने। | |
| १२. | किसान सूचीकरण कार्यक्रम सञ्चालनका लागि वडा छनोट गरी किसान सूचीकरण सहजकर्ता छनोटका लागि सार्वजनिक सूचना प्रकाशित गर्ने। | |
| १४. | करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०८० स्वीकृत गर्ने। | |
| १५. | विविध। | |



Scanned with CamScanner

मिति २०८०।०४।३१गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

निर्णय नं. (१)

प्रस्ताव नं. (१) माथि छलफल गर्दा मिति २०८०।०३।१३ गते बसेको गाउँ कार्यपालिकाको वैठकले गरेको निर्णय बमोजिम नदीजन्य पदार्थ/क्यान्टिन बन्दोबस्त लगायतका विषयको ठेक्का आव्हान भएको र कार्यालयबाट प्रकाशित औषधिजन्य सामाग्री आपूर्ति, खानेपानी तथा सिँचाई पाइप, जस्तापाता र सिमेण्ट खरिदसँग सम्वन्धित ठेक्का खोलिएको विषय र अन्य निर्णयहरु कार्यान्वयन प्रकृयामा गएको विषयमा समीक्षात्मक छलफल गरियो।

निर्णय नं. (२)

प्रस्ताव नं. (२) माथि छलफल गर्दा तीनपाटन गाउँपालिकाको बाहौं गाउँ सभा अधिवेशनद्धारा पारित नीति तथा कार्यक्रमको बुँदा नम्वर (१९) ले गाउँपालिका क्षेत्रभित्रका दलित समुदायभित्रका बुहारीहरुको उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्न "सासुको इच्छा, बुहारीलाई शिक्षा" नामक कार्यक्रम सञ्चालनमा ल्याइनेछ भनी व्यवस्था भएकोमा तीनपाटन गाउँपालिका क्षेत्रभित्रका सरकारी/सामुदायिक क्याम्पसमा स्नातक वा सोभन्दा माथिल्लो तहमा अध्ययन गरी रहेका एवम् गर्न चाहने उक्त समुदायका छोरी/बुहारीलाई देहायमा उल्लिखित प्रकृया पूरा गरी स्नातक/स्नातोत्तर तहको सबै वर्ष अध्ययनको व्यवस्था मिलाउने निर्णय सर्वसम्मतीले पारित गरियो।

देहायः

- सासु/आमा स्वयंले आफ्नी बुहारी/छोरीलाई स्नातक/स्नातोत्तर तह अध्ययनका लागि क्याम्पसमा भर्ना गर्न लैजानु पर्ने।
- यदि परिवारमा आमा/सासु नभएमा एकासगोल परिवारको हजुरआमा/बुढी सासु वा काकी/काकी सासु वा वढीआमा/वढीआमा सासु वा दिदी/आमाजु वा भाउजु/जेठानीले छोरी/बुहारीलाई स्नातक तह अध्ययनका लागि क्याम्पसमा भर्ना गर्न लैजानु पर्ने। सो समेतको उपलब्धता नभएमा सम्वन्धित वडाको महिला वडा सदस्यले माथि उल्लेख भएको कार्यक्रमबाट लाभ पाउने छोरी/बुहारीलाई स्नातक/स्नातोत्तर तह अध्ययनका लागि क्याम्पसमा भर्ना गर्न लैजानु पर्ने।
- क्याम्पसवाट माथि उल्लेख भए बमोजिम स्नातक तह अध्ययनका लागि बुहारी भर्ना हुन आएको हो भनी फोटो लगायतका क्याम्पसमा भर्ना भएका कागजातको पुष्टयाँई शिक्षा शाखामा पेश गर्नुपर्ने।
- यसरी भर्ना हुने बुहारीको स्नातक/स्नातोत्तर तह अध्ययनमा लाग्ने क्याम्पसद्वारा निर्धारित भर्ना शुल्क र मासिक शुल्क सासुको इच्छा, बुहारीलाई शिक्षा कार्यक्रमबाट व्योहोर्ने गरी सोझै क्याम्पसको खातामा रकम निकासा गर्ने व्यवस्था मिलाउने।
- वढीभन्दा वढी गाउँपालिका क्षेत्रभित्रका परिवारका बुहारीहरुलाई उच्च शिक्षा अध्ययनमा पहुँच अभिवृद्धि गर्न उक्त कार्यक्रमको बारेमा पर्याप्त प्रचारप्रसार गर्ने।
- आफ्नो परिवारका बुहारीलाई यो कार्यक्रम बमोजिम तीनपाटन गाउँपालिका क्षेत्रभित्रका तीनवटै सामुदायिक/सरकारी क्याम्पसमा भर्ना गर्न जाने सासु वा उल्लिखित अन्य समुहका नातेदारलाई सम्मान गर्ने व्यवस्था समेत मिलाउने।
- देहायमा उल्लिखित ढाँचा बमोजिम उल्लिखित कार्यक्रम कार्यान्वयन गर्ने:



कर्ण बहादुर मगर
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

मिति २०८०।०४।३१गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

श्री

श्री क्याम्पस प्रमुख ज्यू, मितिः २०

। । ...................................... क्याम्पस, तीनपाटन गाउँपालिका, ....नं. वडा, सिन्धुली।

विषयः "सासूको इच्छा, बुहारीलाई शिक्षा" कार्यक्रम अन्तर्गत विद्यार्थी भर्ना गराई पाउँ।

प्रस्तुत विषयमा तीनपाटन गाउँपालिकाको बाह्रौं गाउँ सभा अधिवेशनद्धारा स्वीकृत "सासूको इच्छा, बुहारीलाई शिक्षा" कार्यक्रम कार्यान्वयन गर्न तीनपाटन गाउँ कार्यपालिकाको मिति २०८०।०४।२५ गते बसेको बैठकले गरेको निर्णय बमोजिम यस क्याम्पसमा ................ संकायको स्नातक तहको ........ वर्षमा कार्यक्रमबाट लाभ पाउने छोरी/बुहारीलाई अध्ययनका लागि क्याम्पस भर्ना गर्न ल्याएकी छु। उक्त कार्यक्रम मार्फत् क्याम्पस भर्ना हुने बुहारीलाई तीनपाटन गाउँपालिकाले भर्ना शुल्क र मासिक शुल्क व्योहोर्ने भनी निर्णय गरेकोमा सो सुविधा पाउनका लागि क्याम्पसमा भर्ना हुँदाका वखतको फोटो खिच्नुपर्ने भएकाले फोटो समेत खिची नियमानुसार क्याम्पसमा भर्ना गरी दिने व्यवस्था मिलाई दिनुहुन देहायमा उल्लिखित कागजात संलग्न राखी यो निवेदन पेश गरेकी छु। क्याम्पस भर्ना भए पश्चात् नियमितरुपमा छोरी/बुहारीलाई क्याम्पस अध्ययन गर्ने वातावरणमा सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दछु। हामीले पेश गरेका आफू/आफूसँग सम्वन्धित विवरण ठीक साँचो हो। फरक परे कानून बमोजिम सहुँला/बुझाउँला।

देहायः

-क्याम्पसमा भर्ना हुनका लागि आवश्यक पर्ने सम्पूर्ण कागजात,
-क्याम्पस भर्ना हुने बुहारी र भर्नाको लागि आवेदन गर्न आउने व्यक्तिको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,
-कार्यक्रमबाट लाभ पाउने छोरी/बुहारीभित्र पर्ने हो भनी सम्वन्धित वडाले गरी दिएको सिफारिस पत्र।
-बुहारी भए विवाह दर्ताको प्रमाणपत्रको प्रतिलिपी।

निवेदक (आमा/सासु/महिला जनप्रतिनिधि) को-
नाम, थरः
ठेगानाः तीनपाटन गाउँपालिका .... नं. वडा
क्याम्पस भर्ना हुने छोरी/बुहारीसँगको नाताः
हस्ताक्षरः सम्पर्क नम्वरः

क्याम्पस भर्ना हुने छोरी/बुहारीको-
नाम, थरः
ठेगानाः तीनपाटन गाउँपालिका .... नं. वडा
हस्ताक्षरः
सम्पर्क नम्वरः

क्याम्पस प्रशासनबाट भर्नुपर्ने विवरणः

माथि निवेदनमा उल्लेख भए बमोजिमका विद्यार्थीलाई निजको ................ नाता पर्ने श्री ........................................ ले यस क्याम्पसमा ................ संकायको ........ तह ................ वर्षमा यही मिति २० । । गतेका भर्ना गर्न ल्याउनु भएको र निज विद्यार्थी यस क्याम्पसमा उल्लिखित बमोजिमको तह, वर्ष र संकायमा भर्ना हुनु भएको ठीक साँचो हो भनी प्रमाणित गरिन्छ।

क्याम्पस प्रशासन शाखाबाट-
नाम, थरः
हस्ताक्षरः
मितिः २० । ।

क्याम्पस प्रमुखको-
नाम, थरः
हस्ताक्षरः
मितिः २० । ।

Scanned with CamScanner

मिति २०८०।०४।३१गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुली‌को गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

सन्तोष घिमिर
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. (३)

प्रस्ताव नं. (३) माथि छलफल गर्दा तीनपाटन गाउँपालिकाको वाहौं गाउँ सभा अधिवेशनद्धारा पारित असहाय र अनाथ व्यक्तिलाई संरक्षण, तत्काल राहत तथा उद्दार कार्यका लागि चालू आर्थिक वर्ष २०८०।०८१ मा रु. ४,००,०००।०० (अक्षरेपी चार लाख रुपैंया मात्र) वजेट विनियोजन भएकोमा उक्त बजेट रकम देहायमा उल्लिखित ढाँचा, सिलिङ र पद्धति बमोजिम खर्च गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

श्री

श्री तीनपाटन गाउँ कार्यपालिकाको कार्यालय, मितिः २० । ।

लाम्पनटार, सिन्धुली।

विषयः असहाय/अनाथ व्यक्तिलाई संरक्षण, तत्काल राहत तथा उद्दार खर्च वापतको रकम उपलब्ध गराई पाउँ।

प्रस्तुत विषयमा यस गाउँपालिकाको ......नं. वडामा देहायमा उल्लिखित विवरणको असहाय/अनाथ व्यक्ति यही मिति २० । । गतेका दिन फेला परेको र उक्त व्यक्तिको तत्काल संरक्षण/राहत/उद्दार (के/के गरिएको हो ? सो मा चिन्ह (०) लगाउने) कार्यमा तपसिल बमोजिम खर्च भएकाले उक्त रकम सोधभर्ना गरी दिने व्यवस्था मिलाई दिनुहुन सो कार्यसँग सम्वन्धित विल/भर्पाई र कागजात संलग्न राखी यो निवेदन पेश गरेको छु। निवेदनसाथ पेश गरेका विवरण एवम् कागजात ठीक साँचो हो। फरक परे कानून बमोजिम सहुँला/बुझाउँला।

असहाय/अनाथ व्यक्तिको-

नाम, थरः ..................................................................... ठेगानाः ..................................................

लिङ्गः वर्षः हुलियाः सम्पर्क नम्बरः .........................................

के/कति कारणले असहाय/अनाथ भएको वा देखिएको हो ? सो पुष्टि हुने विवरण उल्लेख गर्नेः ........................................................................................................................................................ ........................................................................................................................................................

असहाय/अनाथ व्यक्तिको संरक्षण/तत्काल राहत/उद्दार के गरिएको हो ? सोको संक्षिप्त विवरण लेख्ने। ........................................................................................................................................................ ........................................................................................................................................................

संलग्न गर्नुपर्ने कागजातः

-असहाय व्यक्तिको फोटो,

-असहाय/अनाथ व्यक्तिलाई तत्काल संरक्षण/राहत/उद्दार कार्यमा लागेको सक्कल विल/भर्पाई,

-प्रहरी सर्जमिन वा स्थानीय सर्जमिन मुचुल्का सहित असहाय व्यक्तिको संरक्षण/तत्काल राहत/उद्दार गरेको भए सोको प्रति।

-उल्लिखित वाहेक अन्य कुनै प्रमाण भए सो संलग्न गर्ने।

निवेदक वडाध्यक्षको-

हस्ताक्षरः

नाम, थरः

वडाको नामः

वडा कार्यालयको छाप



कर्ण बहादुर मगर
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

सिलिङः

- प्रत्येक वडाका वडा अध्यक्षले उल्लिखित बमोजिम असहाय/अनाथ व्यक्तिलाई तत्काल संरक्षण/राहत/उद्दार गर्दा बढीमा पाँच हजार रुपैयासम्मको सीमाभित्र रहेर मात्र खर्च लेख्ने व्यवस्था मिलाउने। सोभन्दा बढी पन्ध्र हजार रुपैयासम्मको रकमको हकमा गाउँपालिका अध्यक्षज्यूको आदेश/निर्णयमा र सोभन्दा बढीको हकमा कार्यपालिकाको निर्णयमा मात्र खर्च गरी बिल/भर्पाई पेश गर्ने।
- गाउँपालिका क्षेत्रभित्रका नागरिकहरु अन्यत्र स्थानका विभिन्न सामाजिक तथा परोपकारी संघ/संस्थामा आश्रय लिई रहेको भए त्यस्ता संघ/संस्थामा गाउँपालिकाको तर्फबाट उपलब्ध गराइने जुनसुकै सहायतामा हुने सम्भावित खर्च समेत सोही शीर्षकबाट लेख्न सकिने।

पद्धतिः

असहाय /अनाथ व्यक्तिको तत्काल संरक्षण /राहत/उद्दार कार्यमा वडा अध्यक्षबाट हुने खर्च सोधभर्ना तत्काल गर्न एवम् त्यसको व्यवस्थित अभिलेख समेत राख्नका लागि महिला बालबालिका तथा समाज कल्याण शाखामा कार्यरत कर्मचारीलाई स्वीकृत बजेटभित्रबाट कार्यालयले पेश्की उपलब्ध गराउने व्यवस्था मिलाउने।

## निर्णय नं. (४)

प्रस्ताव नं. (४) माथि छलफल गर्दा तीनपाटन गाउँपालिकाको बाहौं गाउँ सभा अधिवेशनद्वारा पारित नीति तथा कार्यक्रमको बुँदा नम्बर (१८) मा व्यवस्था भएको "प्राविधिक विधामा रोजगारी, तीनपाटनका छोराछोरी" नामक कार्यक्रम कार्यान्वयनका लागि गाउँपालिकाका अध्यक्षज्यू मार्फत् बैठकमा पेश हुन आएको "तीनपाटन गाउँपालिकाको छात्रवृत्ति व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०" को मस्यौदा उपर दफावार छलफल भयो र, उक्त कार्यविधि स्वीकृत गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

(स्वीकृत कार्यविधि प्रमाणीकरण भए पश्चात् राजपत्र मार्फत् सार्वजनिक गरिनेछ)

## निर्णय नं. (५)

प्रस्ताव नं. (५) माथि छलफल गर्दा तीनपाटन गाउँपालिकाको बाहौं गाउँ सभा अधिवेशनद्वारा पारित नीति तथा कार्यक्रमको बुँदा नम्बर (३२) मा व्यवस्था भएको "उद्यमसँगै जनजीविका, प्याड उत्पादनमा स्वयंसेविका" नामक कार्यक्रम कार्यान्वयनका लागि गाउँपालिकाका अध्यक्षज्यू मार्फत् बैठकमा पेश हुन आएको "उद्यमसँगै जनजीविका, प्यांड उत्पादनमा स्वयंसेविका कार्यक्रम सञ्चालन कार्यविधि, २०८०" को मस्यौदा उपर व्यापक छलफल भयो र, उक्त कार्यविधि स्वीकृत गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

(स्वीकृत कार्यविधि प्रमाणीकरण भए पश्चात् राजपत्र मार्फत् सार्वजनिक गरिनेछ)

## निर्णय नं. (६)

प्रस्ताव नं. (६) माथि छलफल गर्दा तीनपाटन गाउँपालिकाको बाहौं गाउँ सभा अधिवेशनद्वारा पारित नीति तथा कार्यक्रमको बुँदा नम्बर (३७) मा व्यवस्था भएको पचास प्रतिशत लागत साझेदारीमा सामुदायिक स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गर्ने कार्यक्रमलाई व्यवस्थित र पारदर्शी बनाउन गाउँपालिकाका अध्यक्षज्यू मार्फत् बैठकमा पेश हुन आएको "तीनपाटन गाउँपालिकाको स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन कार्यविधि,

कर्ण बहादुर मगर
गाउँपालिका अध्यक्ष



Scanned with CamScanner

२०८०" मस्यौदा कार्यविधि उपर व्यापक छलफल भयो र, उक्त कार्यविधि स्वीकृत गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

(स्वीकृत कार्यविधि प्रमाणीकरण भए पश्चात् राजपत्र मार्फत् सार्वजनिक गरिनेछ)

**निर्णय नं. (७)**

प्रस्ताव नं. (७) माथि छलफल गर्दा तीनपाटन गाउँपालिकाको बाहौं गाउँ सभा अधिवेशनद्वारा पारित नीति तथा कार्यक्रमको बुँदा नम्बर (३१) मा व्यवस्था भएको विद्यालयमा आमा नामक कार्यक्रम सञ्चालनका लागि गाउँपालिकाका अध्यक्षज्यू मार्फत् बैठकमा पेश हुन आएको "विद्यालयमा आमा कार्यक्रम सञ्चालन कार्यविधि, २०८०" मस्यौदा उपर व्यापक छलफल भयो र, उक्त कार्यविधि स्वीकृत गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो। पुनश्चः उक्त कार्यक्रम १ नं. वडाको श्री कमानेश्वरी आधारभूत विद्यालय, लड्डुरदोभानमा सञ्चालन गर्ने निर्णय समेत सर्वसम्मतीले पारित गरियो।

(स्वीकृत कार्यविधि प्रमाणीकरण भए पश्चात् राजपत्र मार्फत् सार्वजनिक गरिनेछ)

**निर्णय नं. (८)**

प्रस्ताव नं. (८) माथि छलफल गर्दा तीनपाटन गाउँपालिकाको बाहौं गाउँ सभा अधिवेशनद्वारा पारित नीति तथा कार्यक्रमको बुँदा नम्बर (१च.) ले व्यवस्था गरेको टोल/टोलमैं कृषि सेवा कार्यक्रम, बुँदा नम्बर (११) ले व्यवस्था गरेको टोल/टोलमैं पशु सेवा कार्यक्रम र बुँदा नम्बर (३८) ले व्यवस्था गरेको घरमैं स्वास्थ्यकर्मी कार्यक्रम सञ्चालन गर्न उक्त तीनवटै सेवालाई एकीकृत गरी एउटै कार्यविधि मार्फत् सञ्चालनमा लैजानका लागि गाउँपालिकाका अध्यक्षज्यू मार्फत् बैठकमा पेश हुन आएको "टोल एवम् घरमैं गई आधारभूत सेवा सञ्चालन गर्ने कार्यविधि, २०८०" को मस्यौदा उपर व्यापक छलफल भयो र, उक्त कार्यविधि स्वीकृत गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

(स्वीकृत कार्यविधि प्रमाणीकरण भए पश्चात् राजपत्र मार्फत् सार्वजनिक गरिनेछ).

**निर्णय नं. (९)**

प्रस्ताव नं. (९) माथि छलफल गर्दा प्राथमिक स्वास्थ्य केन्द्र, लाम्पनटारमा करार सेवामा कार्यरत मेडिकल अधिकृत डा श्री अजय कुमार कर्णले राजीनामा दिनु भएको कारण उक्त केन्द्रमा मेडिकल अधिकृत पद रिक्त हुन आएको छ। प्राथमिक स्वास्थ्य केन्द्र लाम्पनटारमा रिक्त रहेको मेडिकल अधिकृत पद स्थायी पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगमा माग फारम भरी पठाउने र उक्त पद स्थायी पदपूर्ति नहुञ्जेलसम्मका लागि नेपाल सरकार (मन्त्रिपरिदषद्) को मिति २०७६।०८।३० गतेको बैठकबाट स्वीकृत "चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवामा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६" बमोजिम करार सेवामा पदपूर्ति गर्न सार्वजनिक सूचना प्रकाशित गर्ने तथा उक्त प्राथमिक स्वास्थ्य केन्द्रमा चिकित्सकलाई प्रोत्साहित गरी टिकाइ राख्नका लागि उक्त कार्यविधिको दफा ५ को उपदफा ८ मा भएको प्रावधान बमोजिम नेपाल सरकारले उपलब्ध गराउने न्युनतम सेवा सुविधाका अतिरिक्त मासिक पचास हजार रुपैंया थप प्रोत्साहन समेत उपलब्ध गराउने गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो। यसका साथै गाउँपालिका क्षेत्रभित्रका दुईवटै प्राथमिक स्वास्थ्य केन्द्र (लाम्पनटार र बेलघारी) मा सामुदायिक स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन भइरहेको र उक्त कार्यक्रमको थप प्रभावकारिता अभिवृद्धि गर्नका लागि फार्मेसी र रेडियोग्राफी



कर्ण बहादुर मगर
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

सम्बन्धी जनशक्तिको तत्काल आवश्यकता देखिएको हुँदा करार सेवामा एकजना फार्मेसी सहायक (सहायक पाँचौं वा सो सरहको न्युनतम सेवा सुविधा पाउने गरी) र एकजना रेडियोग्राफर (सहायक पाँचौं वा सो सरहको न्युनतम सेवा सुविधा पाउने गरी)को करार दरवन्दी स्वीकृत गर्ने र उक्त पद करार सेवामा पूर्ति गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय समेत सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं.** (१०)

प्रस्ताव नं. (१०) माथि छलफल गर्दा गाउँपालिकाको कार्यालय प्रयोजन र कर्मचारीहरुलाई आवास प्रयोजनका लागि आर्थिक वर्ष २०७९।०८० मा सम्झौता भएका घरभाडा यही मिति २०८० साल कात्तिक मसान्तसम्म मात्र म्याद थप गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं.** (११)

प्रस्ताव नं. (११) माथि छलफल गर्दा इन्धन सुविधा वापत् कर्मचारीलाई उपलब्ध गराउँदै आइएको कुपन प्रथालाई रोक लगाई सवारीचालक अनुमती प्राप्त गरी आफ्नो स्वामित्वमा रहेको सवारी कार्यालय प्रयोजनमा प्रयोग गर्ने कर्मचारीहरुलाई खर्चको मापदण्डमा उल्लेख भएको इन्धन परिमाण वापतको सुविधा वढीमा प्रत्येक त्रैमासिकसम्ममा उपलब्ध गराउने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं.** (१२)

प्रस्ताव नं. (१२) माथि छलफल गर्दा चालु आर्थिक वर्ष २०८०।०८१ मा किसान सूचीकरण कार्यक्रम यस गाउँपालिकाको ३, ४ र ५ नं. वडामा सञ्चालन गर्ने र किसान सूचीकरण सहजकर्ता छनोटका लागि सार्वजनिक सूचना प्रकाशित गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं.** (१३)

प्रस्ताव नं. (१३) माथि छलफल गर्दा गाउँपालिकाका अध्यक्षज्यू मार्फत् बैठकमा पेश हुन आएको तीनपाटन गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि, २०८० को मस्यौदा उपर व्यापक छलफल भयो र उक्त कार्यविधि स्वीकृत गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।
(स्वीकृत कार्यविधि प्रमाणीकरण भए पश्चात् राजपत्र मार्फत् सार्वजनिक गरिनेछ)

**निर्णय नं.** (१४)

प्रस्ताव नं. (१४) विविध माथि छलफल गर्दा-

क. गाउँपालिकाका अध्यक्षज्यू मार्फत् बैठकमा पेश हुन आएको तीनपाटन गाउँपालिका अन्तर्गतका सामुदायिक सिकाइ केन्द्रका परिचालकको छनोट प्रक्रिया सम्वन्धी कार्यविधि, २०८० को मस्यौदा उपर व्यापक छलफल भयो र उक्त कार्यविधि स्वीकृत गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।
(स्वीकृत कार्यविधि प्रमाणीकरण भए पश्चात् राजपत्र मार्फत् सार्वजनिक गरिनेछ)

कर्ण बहादुर नगर
गाउँपालिका अध्यक्ष



Scanned with CamScanner

ख. प्राथमिक स्वास्थ्य केन्द्र बेलघारीमा एकजना विरामीलाई डेंगु पोजेटिभ देखिएकोमा गाउँपालिका क्षेत्रभित्र उक्त रोगको संक्रमण फैलिन नदिनका लागि डेंगु परीक्षण गर्ने किट खरिद गरी गाउँपालिका क्षेत्रभित्रका दुइवटै प्राथमिक स्वास्थ्य केन्द्रवाट शंकास्पद विरामीहरुको निःशुल्क परीक्षण गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने र डेंगु पोजेटिभ देखिएको उक्त विरामीलाई उपचारमा आवश्यक सहयोग गरी थप फैलिन नदिने व्यवस्था मिलाउन नदिन स्वास्थ्य शाखालाई निर्देशन समेत दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।

कर्ण वहादुर मगर
गाउँपालिका अध्यक्ष



Scanned with CamScanner